annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ५४ पृष्ठ ८ | काठमाडौं, आइतबार ९ असार २०८१ | आषाढ कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४४ | SUNDAY, JUNE 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# आँगनका सिंहदरबार, बेथिति चाङ

महालेखा परीक्षक कार्यालयको ६१औं प्रतिवेदनले विभिन्न स्थानीय तहमा मनपरीतन्त्र, भ्रष्टाचार र कुशासन मौलाएको देखाएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन नबनेका कारण स्थानीय तहको खर्च प्रणालीमा 'मनपरीतन्त्र' चलेको महालेखाको ठहर छ । राज्यको स्रोत साधनको दोहन, अधिकारको दुरुपयोग, मनपरीतन्त्र र कुशासनले स्थानीय तहलाई 'थला' पार्दै लगेको छ ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**- को रिपोर्ट**



कर्मचारी करार नियुक्तिमा खर्च
६ अर्ब ९२ करोड ७५ लाख

स्थानीय तहले अवैध चन्दामा खर्च
१ अर्ब १५ करोड

सवारीसाधन खरिदमा खर्च
३ अर्ब ८७ करोड ४३ लाख

सवारीसाधन मर्मत र इन्धनमा खर्च
२ अर्ब ३० करोड ३६ लाख

परामर्श सेवा खर्च
१ अर्ब ६ करोड

अतिथि सत्कारमा खर्च
१८ करोड ५३ लाख

खाजा, खानामा खर्च
६० करोड

नाफामूलक संस्था बाँडिएको
२६ करोड

स्वकीय सचिव र सल्लाहकार नियुक्तमा भएको अवैध खर्च
९ करोड १५ लाख

समाचार पृष्ठ २

# २३७ स्थानीय तह निमित्तका भरमा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

१० उपमहानगरपालिकासहित २ सय ३७ स्थानीय तह निमित्तका भरमा सञ्चालन भइरहेका छन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले नै २ सय ३७ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नभएको जानकारी दिएका हुन् ।

११ वटा उपमहानगरपालिकामध्ये नेपालगन्ज उपमहानगरपालिकामात्रै दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत छन् । हेटौंडा उपमहानगरपालिकाबाट पनि हालै प्रमुख प्रशासकीय अधिकृत सरुवा भएका छन् । धनगढी, तुलसीपुर, घोराही, बुटवल, सिमरा-जितगढी, कलैया, जनकपुर, धरान, इटहरी उपमहानगरपालिका निमित्तका भरमा चलिरहेका छन् ।

मन्त्री जोशीले ६ वटा महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रहेको जानकारी दिए । महानगरपालिका र उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहसचिव हुन्छन् । ६ महानगर र १ उपमहानगर गरी ७ जना मात्रै सहसचिव कार्यरत छन् ।

संघीय मामिला मन्त्रालयका अनुसार १० उपमहानगर, १ सय १६ नगरपालिका र १ सय ११ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत छैनन् । सुदूरपश्चिम, कर्णाली र मधेस प्रदेशका धेरै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत छैनन् । कर्मचारीको दुर्गम जान नचाहने प्रवृत्ति र जनप्रतिनिधिले अनावश्यक दबाब दिने प्रवृत्तिले स्थानीय तहमा जान कर्मचारी चाहँदैनन् ।

मन्त्री जोशीले कर्मचारीलाई अनावश्यक दबाब नदिन जनप्रतिनिधिलाई आग्रह गरिएको बताए । 'कर्मचारीलाई अनावश्यक दबाब नदिन र जतिसुकै दबाब आए पनि सार्वजनिक खरिद ऐन नियमावलीविपरीत काम नगर्न कर्मचारीलाई भनेका छौं,' उनले भने । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउनेसम्बन्धी मापदण्ड र निजामती कर्मचारीको सरुवा र पदस्थापनासम्बन्धी मापदण्ड नहुँदा सरुवामा व्यवस्थित नभएको मन्त्री जोशी स्वीकार गर्छन् । उनका अनुसार स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउनेसम्बन्धी मापदण्ड तयार भई स्वीकृतिको चरणमा छ भने निजामती कर्मचारीको सरुवा र पदस्थापनासम्बन्धी मापदण्ड तयारी चरणमा रहेको छ ।



> १० उपमहानगर, १ सय १६ नगरपालिका र १ सय ११ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत छैनन् ।
>
> **भानुभक्त जोशी**
> संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री

**भ्रष्टाचारको मुद्दा लागेका तीन स्थानीय तहमा कार्यवाहक प्रमुख र उपप्रमुख नियुक्तमा प्रश्न चिह्न**

तीन वटा स्थानीय तहका प्रमुख र उपप्रमुख दुवैलाई भ्रष्टाचार मुद्दा लागेको छ । ललितपुरको गोदावरी नगरपालिका, महोत्तरीको जलेश्वर नगरपालिका र सर्लाहीको बागमती नगरपालिकाका प्रमुख र उपप्रमुख दुवैलाई भ्रष्टाचारको आरोपमा अख्तियारले मुद्दा हालेको छ । गोदावरी नगरपालिका प्रमुख गजेन्द्र महर्जन र उपप्रमुख मुना अधिकारी, जलेश्वरका नगरपालिकाका प्रमुख सुरेश साह सोनार, उपप्रमुख रौशन खातुन र बागमती नगरपालिका प्रमुख भरतकुमार थापा र उपप्रमुख लीलाकुमारी मोक्तानविरुद्ध अख्तियारले मुद्दा हालेको छ ।

विशेष अदालतमा मुद्दा हालेसँगै उनीहरूको पद निलम्बन परेको छ । निलम्बनमा परेपछि रिक्त रहेको प्रमुख र उपप्रमुख के गर्ने प्रश्न उब्जेसँगै वरिष्ठ सदस्यलाई कार्यवाहक प्रमुख र उपप्रमुख दिइएको छ । कस्लाई प्रमुख, उपप्रमुख बनाउने कानुनी व्यवस्था नरहेको स्वयं मामिला तथा सामान्य प्रशासन मन्त्रालय जोशी बताउँछन् । उनका अनुसार स्थानीय तहसम्बन्धी कानुन भनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ हो । तर यो ऐनमा प्रमुख नभएका उपप्रमुखलाई कार्यवाहक दिने व्यवस्था भए पनि प्रमुख र उपप्रमुख दुवै नभएमा कस्लाई जिम्मेवारी दिने व्यवस्था गरिएको छैन । मन्त्री जोशीले कानुनी रूपमा टुंगो नलागेसम्मको लागि ज्येष्ठ सदस्यलाई कार्यवाहक दिइएको जानकारी दिए ।

**मन्त्रीको दाबी : बर्खे अधिवेशनमा ऐन आउने ग्यारेन्टी**

मन्त्री जोशीले संघीय निजामती सेवालाई सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक बर्खे अधिवेशनमा पारित हुने दाबी गरेका छन् । दोस्रो पटक यो विधेयक संघीय संसद्मा प्रस्तुत भई राज्य व्यवस्था समितिमा दफावार छलफलको लागि लगिएको छ । अघिल्लो पटक करिब ६० वटा समितिको बैठक छलफल भई पारित भएको विधेयक पुन: फिर्ता गरेर नयाँ विधेयक संसद्मा लगिएको हो । मन्त्री जोशी यो विधेयक बर्खे अधिवेशनबाट स्वीकृत हुने गरी छलफललाई तीव्रता दिन समिति तथा राजनीतिक दलसँग औपचारिक संवादलाई अगाडि बढाइएको जानकारी दिए । कर्मचारी समायोजन, ट्रेड युनियनलगायतका विषयमा भएका असहमतिलाई सचेतक तहबाट नभएसम्म शीर्ष नेता तहमा पुगेर टुंग्याउने उनले दाबी गरे ।

बाँकी पृष्ठ ६

## फोहोरमैला व्यवस्थापन पहिलो प्राथमिकता



**मोहनसिंह लालचन**

इजलास

मुस्ताङ भ्रमण गर्ने पर्यटकको केन्द्र हाम्रै गाउँपालिका भएकाले पर्यटकलाई कसरी आकर्षित गर्नेतर्फ लागिरहेका छौं । वातावरणको रक्षा गर्दै पालिकालाई कसरी स्वच्छ, सफा र सुन्दर राख्न निरन्तर लागिपरेका छौं । वातावरण सफा भएमात्र यहाँको धार्मिक, सांस्कृतिक र जैविक विविधताको संरक्षण हुन्छ भन्ने हाम्रो बुझाइ हो ।

हामीले फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यविधि र ऐन निर्माण गरेका थियौं । जथाभावी फोहोरमैला मिल्काउनेलाई आवश्यक दण्ड सजाय हुने गरी कानुन बनायौं । सर्वप्रथम त फोहोरमैला व्यवस्थापन गर्न नागरिक नै सुसूचित हुनुपर्छ । हामीले गरेको फोहोरले हामीलाई नै क्षति तुल्याउँछ भन्ने नागरिकमा चेतनाको विकास नभएसम्म हामीले बनाएको कार्यविधि र ऐनले मात्र काम गर्दैन ।

कार्यविधि निर्माण गरेपछि हामीले सिसाको बियर ल्याउन प्रतिबन्ध लगायौं । यसले बियरको बोतल आयातमा निकै कमी ल्यायो । यद्यपि पूर्णरूपमा नियन्त्रण भइसकेको छैन । अन्य सिसाजन्य पदार्थहरू पालिकामा भित्र्याउन नदिने अभियानमा लागेका छौं । सिसाजन्य पदार्थले नागरिकमा मानवीय जोखिम निम्त्याउँछ । यसले वातावरणलाई प्रदूषित बनाउने र यसले मानव स्वास्थ्यसमेतलाई प्रतिकूल असर पुर्‍याउँछ । यो कुरा जनता माझ बुझाउन आवश्यक छ । हामी निरन्तर यही अभियानमा छौं ।

फोहोरमुक्त पालिका बनाउन हामीले जैविक तथा अजैविक फोहोरलाई कसरी सदुपयोग र व्यवस्थापन गर्ने भन्ने पक्षमा लागेका छौं । कुहिन सक्ने जैविक फोहोरलाई प्राविधिक ढंगले कुहाएर कम्पोस्ट मल बनाउन पाँचवटै वडामा तालिम चलायौं । अजैविक फोहोरलाई जिल्लाबाहिर निकासा गर्नेतर्फ पहल भइरहेको छ । पालिकाले फोहोर संकलन केन्द्र पनि स्थापना गरिसकेको छ ।

गाउँपालिकाले यसबारे विभिन्न तालिमका साथै नागरिक सचेतनासमेत गर्नेछ । एक्यापले फोहोर व्यवस्थापनमा हामीसँग सहकार्य गर्ने भएको छ । गाउँपालिकाले फोहोर व्यवस्थापनसम्बन्धी कार्यविधि निर्माण गरेकाले जनतालाई राम्ररी बुझाएपछि मात्रै कानुन कार्यान्वयन गर्नेतर्फ अघि बढ्नेछौं ।

*(लालचन घरपझोङ गाउँपालिका, मुस्ताङका अध्यक्ष हुन् ।)*

# फेरि भत्काउन थालिए छाउगोठ

## दुर्घटनापछि तात्ने पुरानै प्रवृत्ति

**गीता कुँवर** | *अछाम*

पञ्चदेवल विनायक नगरपालिकाकी एक १६ वर्षीया किशोरी मामा नाता पर्नेबाट छाउगोठमै बलात्कृत भइन् । असार ३ गते भएको उक्त घटनापछि जिल्लामा छाउगोठ भत्काउने अभियान पुन: सुरु भएको छ ।

पञ्चदेवल विनायक नगरपालिका प्रमुख अम्बिका चलाउनेले नगरपालिकाभित्रका सबै वडालाई छाउपडी कुप्रथाविरुद्धको अभियान सञ्चालन गर्नका लागि न्यायिक समितिबाट पत्राचार गरिएको बताइन् । चलाउनेले वडाहरूमा फेरि बनेका छाउगोठ कति छन् भनेर संख्या यकिन गरेर भत्काउने र सँगसँगै सचेतनाका कार्यक्रम पनि सञ्चालन गर्ने भनेर पत्राचार गरेको बताइन् । उनले भनिन्, 'छाउगोठमा निकै अप्रिय घटना घट्यो । यो घटनाले सबैलाई झस्काएको छ । यस्ता कुरीति कुप्रथाका विरुद्ध नीति तथा कार्यक्रममै समेटेका छौं र बजेट विनियोजन गरेर आगामी आर्थिक वर्षदेखि अभियान निरन्तर सञ्चालन गर्ने तयारीका छौं ।'

नगरपालिकाको वडा नं ६ बाट गोठ भत्काउने अभियान सञ्चालन गरेको वडाध्यक्ष कमल रावलले जानकारी दिए । वडामा करिब २५/३० छाउगोठ रहेको अनुमान गरिएको र शुक्रबार मात्र



**पञ्चदेवल विनायक नगरपालिका–६ तोलीमा छाउगोठ भत्काउँदै ।** ● गीता कुँवर

१६ वटा छाउगोठ भत्काएको रावलले बताए । शुक्रबार राति छाउ भएर गोठ बस्दै आएकी १५ वर्षकी किशोरीले गोठबाटै भागेर बालविवाह गरेको खबर पाएको उनले बताए । उनले भने, 'छाउगोठले धेरै कुरामा असर पारेको छ । छाउ भएर गोठ बस्दै आएकी किशोरीले हिजो बालविवाह गरेको खबर पाए । कमलबजार नगरपालिका- ६ वीरपथ बिहे गरेर गएको सुन्नमा आएको छ । प्रहरीलाई खबर गरेको छु । छाउगोठले धेरै समस्या निम्त्याएको छ । कुप्रथाका विरुद्ध जनचेतनामूलक कार्यक्रमहरू निरन्तर चलिरहनुपर्छ ।' पाँच वर्षअघि भत्काइसकेका छाउगोठ फेरि बनेका हुन् । जनप्रतिनिधि, बाल क्लब, बाल सञ्जाल, प्रहरी, गैरसरकारी संघसंस्थाहरूको सहकार्यमा नयाँ बनेका छाउगोठ भत्काउने कार्य सुरु गरिएको छ ।

छाउपडी कुप्रथाविरुद्ध जनचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिने वडाध्यक्ष रावलले बताए । किशोरी बलात्कार भएको घटना सार्वजनिक भएकै दिन भत्काइएको छ । पाँच वर्ष भत्काइएको छाउगोठ फेरि बनेका छन् । घरै बस्न थालेका किशोरी तथा महिलाहरूले फेरि छाउगोठमै फर्कन थालेका छन् ।

छाउगोठ फेरि बन्न थालेको कुरा स्वयं वडाध्यक्षले समेत गुनासो गर्न थालेका छन् । अधिकांश पालिकाका वडामा छाउगोठ बनेको र त्यहाँ फेरि किशोरी तथा महिला बस्न थालेका छन् । चौरपाटी गाउँपालिकाका-१ का वडाध्यक्ष सालीभान साउदले छाउगोठ बन्न थालेकाले चुनौती थपिएको बताए । छाउपडी कुप्रथासम्बन्धी अभियानलाई निरन्तरता दिन आवश्यक रहेको बताए । पछिल्लो समय जिल्लामा छाउपडी कुप्रथासम्बन्धी जनचेतनामूलक कार्यक्रम शून्यजस्तै रहेको महिला अधिकारकर्मी अभियन्ता पशुपति कुँवरले बताइन् ।

कोरोना फैलिएपछि अभियान बन्द जस्तै भएको उनले बताइन् । उनले भनिन्, 'मंगलसेनमा जेठ महिनामा समविकास नेपालले छाउपडी कुप्रथासम्बन्धी कार्यक्रमको आयोजना गरेको थियो । छाउपडी कुप्रथा अन्त्यसम्बन्धी कुन पनि कार्यक्रम जिल्लामा हुनै छोडेको थियो । भत्किएका छाउगोठ फेरि ठडिएका छन् । जिल्लामा अभियानलाई निरन्तरता दिनुपर्‍यो र अब कसरी अभियान सञ्चालन गर्ने विषयमा अन्तर्क्रिया कार्यक्रम राखिएको थियो तर दु:खद् कुरा पालिका प्रमुखहरू कोही पनि आइदिएनन् । समन्वय समिति प्रमुख रामारोशन, तुर्माखाँद र बान्नीगढी जयगढ गाउँपालिकाका उपाध्यक्षबाहेक कोही पनि आएनन् । यसको मतलव कसैलाई पनि चासो छैनन् भन्ने देखियो ।'

बाँकी पृष्ठ ६

## परियार बने पाँचौं नेपाल आइडल



समाचार पृष्ठ ३